आज मिति २०७९/११/१४ गते आइतवारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रवक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | टेकमाया | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परिमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिव |

अन्य उपस्थितिः

१. वासु पण्डित, प्रशासन शाखा प्रमुख

२. उद्गम तिमिल्सिना, लेखा अधिकृत

## कार्यपालिकाको प्रस्ताब पेश कार्यसूची

बैठक संख्या: १५

अध्यक्षता: श्री दान बहादुर गुरुङ

बैठक मिति: २०७९।११।१४

बैठक स्थान: इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार ।

बैठक समय: ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०७९।११।१४ | ११:०० | योजनाहरुको नाम परिवर्तन गर्ने सम्बन्धमा। | योजना शाखा | १ |
| २०७९।११।१४ | ११:०५ | बिपद् (आगलागी) प्रभावितलाई राहत उपलब्ध गराउने सम्बन्धमा। | विपद् ब्यवस्थापन शाखा | २ |
| २०७९।११।१४ | ११:१० | IEE को TOR स्वीकृति सम्बन्धमा। | भौतिक तथा पूर्वाधार शाखा | ३ |
| २०७९।११।१४ | ११:१५ | भु– उपयोग मापदण्ड सम्बन्धमा। | प्रशासन शाखा | ४ |
| २०७९।११।१४ | ११:२० | नदिजन्य पदार्थको उत्खननका लागि अनुमति प्रदान गर्ने सम्वन्धमा। | योजना शाखा | ५ |
| २०७९।११।१४ | ११:२५ | मनकामना केवलकार प्रा.ली. सँग सामाजिक उत्तरदायित्व बापतको योजनाहरुको भुक्तानिका लागि रकम माग गर्ने सम्वन्धमा। | आर्थिक प्रशासन शाखा | ६ |
| २०७९।११।१४ | ११:३० | IEE REPORT स्वीकृति सम्वन्धमा। | भौतिक पूर्वाधार शाखा | ७ |
| २०७९।११।१४ | ११:३५ | नदिजन्य पदार्थको उत्खनन् ,नदिजन्य पदार्थको उत्खनन्, घाटगद्दी एवम् निकासीको अनुगमन समितिको अनुगमन सम्बन्धमा । | भौतिक पूर्वाधार शाखा | ८ |

**पूर्व बैठकको समीक्षा**

मिति २०७९।१०।२६ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**कार्यपालिका बैठकको निर्णयहरु:**

१. आ.व. २०७९।८० को स्वीकृत वार्षिक बजेटमा समावेश भएका तपसिल बमोजिम शिर्षक परिमार्जन गर्ने।

| क्र.सं. | वडा नं. | योजनाको नाम पहिले | योजनाको हाल हुनुपर्ने नाम | विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | १ | ज्यानदाला राजवन सडक | ज्यानदाला रुधक सडक | |
| २. | ४ | कुरिनटार खानेपानी | कुरिनटार खानेपानी भवन | |

२. विपद् (आगलागी) बाट प्रभावित यस गाउँपालिकाको वडा नं. ६ मा बस्ने श्री भरिमाया चेपाङलाई राहत तथा पुनर्स्थापनाको लागि सहायता स्वरुप रु.१०,०००।- (अक्षरेपि दश हजार मात्र) बराबरको राहत सामाग्री उपलब्ध गराउने।

३. मूल स्याङ्दी वडा नं.७ र कालीखोला वडा नं. ६ को IEE गर्नको लागि पेश भएको TOR स्वीकृत गर्ने।

४. मिति २०७९।११।१९ गते भित्र प्रत्येक वडाले भू-बर्गिकरणको कार्यका लागि मापदण्ड तयार गरी गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्ने।

५. आ.व. २०७९।८० का लागि स्वीकृत IEE Report अनुसार तपसिल बमोजिमको शर्तको आधारमा इच्छाकामना गाउँपालिकाको सामिगौंडा क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् गर्न M/S New S B Construction र श्री दर्शन निर्माण सेवालाई अनुमति प्रदान गर्ने।

- घाटगद्दी गरि नदीजन्य पदार्थ निकासी गर्ने।
- प्राविधिकको प्रत्यक्ष निगरानीमा रही उत्खननको कार्य गर्ने।
- नदीजन्य पदार्थको अनुगमन तथा समन्वय समितिको सिफारिस माग गर्ने र प्रदेश आर्थिक ऐन २०७९ तोकेको शुल्क लिई सिफारिस प्राप्त भएमा माग बमोजिमको सब बेसका लागि उपलब्ध गराउने।

६. मनकामना केवलकार प्रा.लि.बाट प्राप्त सामाजिक उत्तरदायित्व बापतको रकमबाट देहायका योजनाहरुको भुक्तानी गर्ने गरी सो प्रा.लि. संग रकम माग गर्ने।

देहाय:

| क्र.सं. | योजनाको नाम | लागत रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | देवीस्थान रा.आ.वि. भवन निर्माण | ३,००,०००।- | |
| २. | चुम्लिङ जारकाटे डहकी सडक स्तरोन्नति | १०,००,०००।- | |
| ३. | कोल भञ्ज्याङ आमा समुह भवन निर्माण | ५,००,०००।- | |
| ४. | सुकौरा खोला धारापानी तटबन्धन | ४,००,०००।- | |
| ५. | खानेपानी भवन केवलकार | ३,००,०००।- | |

| | | | |
|---|---|---|---|
| ६. | नाग्दीखोला स्याक्लाङ माझगाउँ लामिडाँडा सडक | १०,००,०००।- | |
| ७. | सौरगैरा बाटो ग्याविन तथा ढलान | १५,००,०००।- | |
| ८. | शान्ति बजार खानेपानी | २,००,०००।- | |
| ९. | रा.आ.वि. पामडाँडा भवन मर्मत | २,००,०००।- | |
| १०. | इच्छाकामना मन्दीर निर्माण तथा संरक्षण | १६,००,०००।- | |
| ११. | पाथिभरा सिंहदेवी मन्दीर निर्माण तथा संरक्षण | १०,००,०००।- | |
| जम्मा | | ८०,००,०००।- | |

७. वडा नं. ७ खेतबारीमा ढुङ्गा र गिर्खा माटो उत्खनन् तथा संकलन कार्यको लागि कुमारी कंक्रिट तथा ब्लक उद्योग कालिका न.पा. ३ चितवनले पेश गरेको र गाउँपालिकामा निजी क्षेत्रबाट साधारण निर्माणमुखि सामाग्री (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन् तथा संकलन गर्ने कार्यको लागि सन्जु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. रत्ननगर-११ चितवनले पेश गरेको IEE Report स्वीकृत गर्ने।

८. नदीजन्य पदार्थको उत्खनन्, घाटगद्दी एवं निकासीको पालिकास्तरीय अनुगमन समितिको कार्यलाई थप तदारुकताका साथ अगाडी बढाउन समितिको तर्फबाट हप्ताको कम्तिमा एकपटक अनुगमन गर्ने।